# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४०

मिति: २०७६/०३/०६

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा संचार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. "सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा गठित उपसमितिले पारित गरी समिति समक्ष पेश गरेको प्रतिवेदन माथि छलफल जारी रह्यो ।

२. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४१

मिति: २०७६/०३/०९

## छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा राष्ट्रिय गौरवको आयोजनाहरु मध्येको काठमाडौ-तराई/मधेश द्रुतमार्ग (expressway) को निर्माण कार्यको प्रगतिको सम्बन्धमा र विस्तृत सर्भे डिजाइन (डि.पि.आर.) हालसम्म कार्यान्वयनमा नआउदा निर्धारित समयमा उक्त आयोजना सम्पन्न हुने कुरामा आशंका सृजना भै तत् सम्बन्धमा सो आयोजनाको निर्माण कार्य गर्ने जिम्मेवारी पाएको नेपाली सेनाको सम्बन्धित आयोजना प्रमुख लगायतको पदाधिकारीहरुको उपस्थितिमा उक्त आयोजनाको हालसम्मको कार्यप्रगतिका बारेमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. नेपाल सरकारले उच्च प्राथमिकतामा राखेको राष्ट्रिय गौरवको आयोजनाहरु मध्येको काठमाडौं-तराई/मधेश द्रुतमार्गले नेपाल र नेपाली जनताको आर्थिक सम्वृद्धिमा समेत टेवा पुऱ्याउने हुँदा सो आयोजना सुरु भएको २ वर्ष बितिसक्दा पनि हालसम्म डि.पि.आर. तयार भई स्वीकृत हुन नसकिरहेको अवस्थामा उक्त आयोजना भित्र पर्ने पुल पुलेसाहरु एवं सुरुङमार्ग निर्माण कार्यमा ढिलाई भईरहेको देखिन्छ । तसर्थ तत् सम्बन्धी डि.पि.आर. छिटो भन्दा छिटो स्वीकृत गरी कार्यान्वयनमा ल्याएर निर्धारित समयावधि भित्रै सो आयोजना सम्पन्न गर्ने गरी कार्य अघि बढाउने वातावरण मिलाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाली सेना, काठमाडौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनालाई निर्देश गर्दछ ।

२. उक्त आयोजना क्षेत्रभित्र पर्ने स्थानहरुमा सम्भावित भूक्षय रोकथामका लागि पर्खाल लगाउने र वातावरण संरक्षणका लागि उपयुक्त रुख बिरुवा रोपेर विकास निर्माणको कार्य वातावरणमैत्री बनाउन समेत अत्यावश्यक देखिएको हुँदा उक्त कार्यहरु समेत गर्न गराउन सम्बन्धित निकायलाई निर्देश गर्दछ ।

३. पुष्पलाल (मध्य पहाडी) राजमार्ग पूर्वी खण्डको स्थलगत अध्ययन तथा अवलोकन भ्रमण प्रतिवेदन, २०७६ समिति समक्ष पेश भयो ।

४. समितिको अर्को बैठक २०७६/०३/११ गते बिहान ११ बजे बस्ने गरी स्थगित भयो

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४२

मिति: २०७६/०३/१७

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा ‘विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ माथिको सैद्धान्तिक छलफलमा संचार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री एवं मन्त्रालयका सचिवले विधेयक प्रस्तुत गर्नुपर्नाको कारण र उद्देश्य समिति समक्ष प्रष्ट पार्नु भयो । समितिका माननीय सदस्यहरुले सो विधेयकका सम्बन्धमा माननीय संचार तथा सूचना प्रविधि मन्त्रीसँग जिज्ञासा राख्नु भएको थियो ।

समितिको अर्को बैठक २०७६ साल असार १८ गते बुधबार बिहान ११ बजे बस्ने गरी स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४३

मितिः २०७६/०३/१८

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा 'सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' का बारेमा उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदनमाथि विस्तृत छलफल जारी रह्यो ।

समितिको अर्को बैठक २०७६/०३/१९ गते बिहान ११ बजे बस्ने गरी स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४४

मिति: २०७६/०३/१९

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरुसँग कार्यसूचीमा रहेको विषयमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ सवारी चालक अनुमतिपत्र (स्मार्ट लाईसेन्स) वितरण प्रणालीलाई छिटो छरितो र सर्वसुलभ बनाउन आवश्यक भएकोले यसका लागि आवश्यक पर्ने मेशिनरी उपकरणहरुको व्यवस्थापन गरी नियमानुसार अनुमतिपत्र सहज रुपमा उपलब्ध गराउने व्यवस्था शीघ्र मिलाउन समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ फरक क्षमता भएका (बहिरा) व्यक्तिहरुलाई सवारी चालक अनुमति पत्र वितरण गर्न विद्यमान कानुनमा समस्या छ भने त्यसलाई संशोधन गरी अन्तर्राष्ट्रिय अभ्यास समेतको आधारमा सवारी चालक अनुमति पत्र वितरण गर्ने प्रक्रिया तत्काल अगाडि बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ बढ्दो सवारी चापका कारण सृजना भएको प्रदुषणलाई न्यूनीकरण गर्नका लागि विद्युतीय सवारी साधन प्रवर्द्धन गर्ने सरकारको नीति अनुसार सञ्चालन प्रक्रियामा रहेका निजी, सहकारी तथा अन्य कम्पनीहरुलाई नियमअनुसार विद्युतीय सवारी साधन सञ्चालन अनुमति प्रदान गर्ने व्यवस्था मिलाउन एवं सवारी साधनहरुको मापदण्ड निर्धारण गरी चार्जिङ स्टेशनहरुको समेत व्यवस्थापन गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देश गर्दछ ।

४ काठमाडौ उपत्यका लगायत देशका विभिन्न भागहरुमा सडकहरुको दुरावस्थाका कारण दिनानुदिन दुर्घटनाहरु बढीरहेका छन् । त्यसलाई न्यूनीकरण गर्नका लागि सडक संकेत,

सडक बत्ति, डिभाईडरहरुको व्यवस्था, छड्के जाँच, साँघुरा घुम्तीहरुलाई फराकिलो बनाउने लगायत न्यूनीकरणका अन्य उपायहरु अवलम्बन गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पुनः निर्देश गर्दछ ।

५ समितिका माननीय सदस्य श्री ईन्दुकुमारी शर्माको संयोजकत्वमा गठित हुलाकी राजमार्ग अन्तर्गत पर्ने जनकपुर-भिट्टामोड सडक (धनुषा, महोत्तरी) खण्डको स्थलगत अध्ययन अनुगमन प्रतिवेदन समिति समक्ष पेश गर्नुभयो र उक्त प्रतिवेदनले औंल्याएका निर्देशनहरु कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाईदिने निर्णय भयो ।

६ समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४५

मिति: २०७६/०३/२३

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि शंसोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई शंसोधन राख्नु पर्नाको उद्देश्य र कारण समेत बैठकमा जानकारी गराउनु भयो ।
२. "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफल जारी रह्यो ।
३. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४६

मिति: २०७६/०४/०६

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा संचार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्री, सचिव, मन्त्रालयका पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरु समेतको उपस्थितिमा "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि शंसोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई आफूले राखेको शंसोधनका सम्बन्धमा बैठकमा जानकारी गराउनु भयो ।

२. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका बारेमा आगामी बैठकमा तत् सम्बन्धी विज्ञहरु क्रमश: मा. श्री काशीराज दाहाल, श्री तारानाथ दाहाल र श्री लक्ष्मण हुमागाईलाई समितिमा आमन्त्रण गरी थप जानकारी लिने ।

३. समितिको अर्को बैठक २०७६ साल साउन ७ गते मंगलबार बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४७

मिति: २०७६/०४/०७

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारी एवं विज्ञहरु समेतको उपस्थितिमा “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. आमन्त्रित विज्ञहरुबाट “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” का बारेमा आ-आफ्ना धारणाहरु प्रस्तुत भयो । संशोधन प्रस्तुतकर्ता मा. सदस्यहरु एवं समितिका मा. सदस्यहरुबाट विधेयकका विभिन्न दफाहरु माथि थप जिज्ञासा राख्नु भयो र सम्बन्धित विषय विज्ञहरुबाट छलफलमा उठेका विषयमा थप प्रष्ट पार्नुभयो । साथै उक्त विधेयकको दफावार छलफल आगामी बैठकबाट अघि बढाउने ।

२. काठमाडौं उपत्यकाको महत्वपूर्ण पर्यटकीय स्थल जाने भक्तपुर नगरकोट सडक खण्डको दुरावस्थाका कारण लामो समयदेखि उक्त स्थानमा सर्वसाधारण र पर्यटक समेतलाई प्रत्यक्ष असर परेको छ भन्ने जनगुनासो रहेकोले उपयुक्त समयमा उक्त सडक खण्डको अवस्थाको बारेमा स्थलगत अध्ययन अवलोकनका लागि जाने ।

३. हालैका दिनमा अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुवानले सिंगो देश आक्रान्त बनेको छ। अर्बौको सार्वजनिक सम्पतिमा क्षति पुगेको छ भने दर्जनौ नागरिकले ज्यान गुमाउनु परेको छ । साथै आवत जावतका लागि निर्माण भएका सडक सञ्जाल तथा पुलहरु भत्किएका छन् भने ग्रामीण जन जीवनका लागि महत्वपूर्ण मानिएका स्थानीय सडक पूर्वाधारहरुमा पनि ठूलो क्षति पुगेको छ। विद्युत, खानेपानी र सिँचाईका संरचनाहरुमा समेत क्षति पुगेको छ। बाढी, पहिरो र डुवानका कारण क्षति पुगेका सडक तथा पुल, पुलेसाहरु, खानेपानीका संरचना, विद्युत र सिँचाई लगायतका पूर्वाधारहरुको सम्बन्धमा सरोकारवाला निकायहरुसँग समन्वय गरी लगत संकलन मार्फत तत्काल

मर्मत सम्भारद्वारा सेवा सुचारु हुने वातावरण बनाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

४. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ४८

मिति: २०७६/०४/०९

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरु, संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका अन्य पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि संशोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई संशोधन राख्नु पर्नाको उद्देश्य र कारण समेत बैठकमा जानकारी गराउनु भयो ।
२. “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि दफावार छलफल जारी रह्यो ।
३. समितिको अर्को बैठक २०७६ साल साउन १० गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी स्थगित भयो ।

# संघीय संसद

# प्रतिनिधि सभा

# विकास तथा प्रविधि समिति

# बैठक संख्या : ४९

मिति: २०७६/०४/१०

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरु, संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका अन्य पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि संशोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई संशोधन राख्नु पर्नाको उद्देश्य र कारण समेत बैठकमा जानकारी गराउनु भयो ।

२. "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफल जारी रह्यो ।

३. समितिको पूर्व निर्णयानुसार भक्तपुर-नगरकोट सडक खण्डको दुरावस्थाको सम्बन्धमा स्थलगत अध्ययन अवलोकनका लागि मिति २०७६/०४/१२ गते त्यसतर्फ जाने र समिति सचिवालयमा कार्यरत कर्मचारीहरुलाई समेत सहभागी गराउने ।

४. नेपाली सेनाद्वारा निर्माणाधीन कर्णाली करिडोर र जाजरकोट-डोल्पा (भेरी करिडोर) को उपयुक्त समयमा समितिको टोलीले स्थलगत अध्ययन अवलोकन गर्ने ।

५. समितिको अर्को बैठक २०७६ साल साउन १२ गते आईतबार बिहान ८:३० बजे बस्ने गरी स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ५०

मिति: २०७६/०४/१२

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरु, संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका अन्य पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि संशोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई संशोधन राख्नु पर्नाको उद्देश्य र कारण समेत बैठकमा जानकारी गराउनु भयो ।
२. "विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफलको क्रम जारी रह्यो ।
३. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

**संघीय संसद**

# प्रतिनिधि सभा

# विकास तथा प्रविधि समिति

# बैठक संख्या : ५१

मिति: २०७६/०४/१४

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरु, संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका अन्य पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि संशोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई संशोधन राख्नु पर्नाको उद्देश्य र कारण समेत बैठकमा जानकारी गराउनु भयो ।

२. “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि दफावार छलफलको क्रम जारी रह्यो ।

३. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ५२

मितिः २०७६/०४/१९

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरु, संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, मन्त्रालयका अन्य पदाधिकारी र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. उक्त विधेयक माथि संशोधन राख्नुहुने मा. सदस्यहरुले बैठकमा उपस्थित भई संशोधन राख्नुपर्नाको उद्देश्य र कारण बैठकमा प्रष्ट पार्नुभयो ।

२. “विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि दफावार छलफलको क्रम आजको बैठकबाट सम्पन्न गरियो र उक्त विधेयक माथि छलफलबाट टुंगो लागेका दफा एवं उपदफा र खण्डक्रम मिलाएर पेश गर्ने ।

३. काठमाडौ उपत्यका भित्र रहेका महत्वपूर्ण नाका मध्येको बल्खु-दक्षिणकाली सडक खण्ड, बालाजु-रानीपौवा-पिपलटार सडक खण्ड, चावहिल-जोरपाटी-गोकर्ण-सुन्दरीजल सडक खण्ड, चावहिल-जोरपाटी-साँखु सडक खण्डहरुको विद्यमान अवस्थाका बारेमा उपयुक्त समयमा स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने ।

४. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ५३

मितिः २०७६/०४/२६

**छलफल एवं निर्णय :**

समितिको आजको बैठकमा "हालैको अविरल वर्षाका कारण क्षति भएका सडक एवं पुलहरुको विद्यमान अवस्थाका सम्बन्धमा" भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव र सम्बद्ध पदाधिकारीहरुसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१. हालैको वर्षाका कारण क्षति पुगेका सडक एवं पुलहरुको दीर्घकालिन समाधानका लागि थप योजना बानाएर कार्य अगाडि बढाउन एवं संघ, प्रदेश र स्थानीय तहमा वर्गीकरण गरिएका र बर्षाका कारण क्षति पुगेका सडक एवं पुलहरु कसले बनाउने भन्ने द्विविधा नीतिगत रुपमा निराकरण गरी यथाशीघ्र निर्माणकार्य प्रारम्भ गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२. नेपालीहरुको महान चाड दशैं, तिहार, छठ, ल्होसार, इद लगायतका चाडपर्वहरु नजिकिंदै आईरहेको सन्दर्भमा हालैको बाढी, पहिरोबाट क्षति पुगेका सडक एवं पुलहरु प्राथमिकताका आधारमा पूर्ण रुपले सञ्चालनमा ल्याई नागरिकहरुलाई सहज यातायातको प्रत्याभूति दिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३. निर्माणाधीन सडकहरुमा पानीको बहावको आँकलन गरेर थप अध्ययनका आधारमा आवश्यक मात्रामा कलभर्ट र क्रस ड्रेनेजहरु निर्माण गरी सडक निर्माणलाई तीव्रता दिन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४. कतिपय स्थानहरुमा इन्जिनियरिङ सर्भे अध्ययन बिना परम्परागत रुपमा जथाभावी ट्र्याक खोल्ने कार्य भइरहेको पाइएकोले त्यस्ता जथाभावी परम्परागत हिसावले विकास निर्माणको काम गर्ने, सडक खन्ने कार्यलाई रोकी स्रोत साधनको दुरुपयोग र वातावरण विनास हुन नदिन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : ५४

मिति: २०७६/०५/०४

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा संचार तथा सूचना प्रविधि मन्त्रालयका मन्त्री, मन्त्रालयका सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा 'विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५' का सम्बन्धमा छलफल भै उक्त विधेयकको प्रतिवेदन २०७६ कायम गरी समितिमा पेश भई देहाय बमोजिमको निर्णय भयो ।

१ दफावार छलफलका लागि समितिमा प्राप्त हुन आएको "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७६" सम्बन्धी तयार भएको उक्त प्रतिवेदन आज बसेको बैठकले सर्वसम्मतिले पारित गरी प्रतिनिधि सभाको बैठकमा सभापतिले नियमानुसार पेश गर्ने ।

२ समितिको पूर्व निर्णयानुसार चावहिल-जोरपाटी-गोकर्ण-सुन्दरीजल सडक खण्ड र चावहिल-जोरपाटी-साँखु सडक खण्डको विद्यमान अवस्थाको सम्बन्धमा स्थलगत अध्ययन अवलोकनका लागि मिति २०७६/०५/०६ गते शुक्रबार त्यसतर्फ जाने र समिति सचिवालयमा कार्यरत कर्मचारीहरुलाई समेत सहभागी गराउने ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

## संघीय संसद
# प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
## बैठक संख्या : ५५

मितिः २०७६/०५/०८

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा शहरी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारीहरुसँग नयाँ सहर व्यवस्थापन र काठमाडौँ उपत्यकाको फोहोर संकलन र व्यवस्थापनका विषयमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ नयाँ शहर निर्माण गर्दै जाने सरकारको नीति अनुसारको कार्य प्रगति अपेक्षाकृत हुन नसकिरहेको अवस्थामा सो कार्य हुन नसक्नाको कारण पहिचान गरी प्राथमिकताका आधारमा प्रभावकारिताका साथ उक्त कार्यलाई अगाडि बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

२ काठमाडौं उपत्यकाको फोहोरमैला संकलन तथा व्यवस्थापनको दीर्घकालिन रुपमा समस्या समाधानका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय, लगानी बोर्ड र काठमाडौँ महानगरपालिका लगायत अन्य सम्बद्ध स्थानीय तहहरुसँग समितिले उपयुक्त समयमा समितिको बैठकमा थप छलफल गर्ने ।

३ काठमाडौं उपत्यका भित्रको फोहोर विसर्जन गर्नको लागि उपयुक्त स्थान बन्चरे डाँडामा निर्माणाधीन ल्यान्डफिल्ड साइड दीर्घकालीन रुपमा समस्या समाधान हुने गरी निर्धारित समयभित्रै सम्पन्न गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ शहरी विकास मन्त्रालयले नयाँ शहर, मेघा सिटि, स्मार्ट सिटि, हिमाली शहर, एकीकृत नमुना वस्ती तथा जोखिमपूर्ण वस्ती स्थानान्तरण लगायतका व्यवस्थापनका सम्बन्धमा अगाडि बढाएको कार्ययोजनाका बारेमा विस्तृत छलफल गर्नका लागि शहरी विकास मन्त्रालयको तर्फबाट समितिका सम्पूर्ण माननीय सदस्यहरु एवं कर्मचारीहरुका लागि एक आवासीय कार्यशाला गोष्ठीको आयोजना गर्ने ।

५ भक्तपुरको कमल विनायक-नगरकोट सडक खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन समितिबाट सर्वसम्मतिले पारित भयो ।

६ फोहोरमैला व्यवस्थपनका लागि वैकल्पिक रुपमा लिईएको नुवाकोटको सिसडोल र वञ्चरे डाँडा क्षेत्रको उपयुक्त समयमा समितिले स्थलगत अध्ययन अवलोकन गर्ने ।

७ पोखरा-वेनी-जोमसोम-कोरला सडकखण्डको समितिका माननीय सदस्यहरुको संसदीय टोलीले उपयुक्त समयमा स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने ।

८ प्रदेश नं. १ अन्तर्गत झापा जिल्लाको भद्रपुर न.पा. मा सघन शहरी आयोजना अन्तर्गत सञ्चालित कार्यक्रमका सन्दर्भमा गुणस्तरको विषयमा कुरा उठेकोले तुरुन्त छानवीन समिति गठन गरी कारवाही प्रक्रिया अघि बढाउन समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

९ मध्य पहाडी लोकमार्गको पश्चिम खण्डमा पर्ने लमजुङ जिल्लाको सुन्दर बजार सडकखण्डको अवस्थाको बारेमा समितिका सभापति एवं कर्मचारीले उपयुक्त समयमा स्थलगत अध्ययन अवलोकन भ्रमण  गर्ने ।

१० समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।